"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र सं :०७८/७९
च.नं.

मिति : २०७९।२।३०

**विषय :वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहको विवरण संकलन सम्बन्धमा ।**

श्री यस नगरापलिका भित्र स्थायी वसोवास गर्ने वैदेशिक रोजगारबाट फर्केका सम्पूर्ण महानुभावहरु ।

प्रस्तुत विषयमा यस नगरपालिकाको विभिन्न वडाहरुमा स्थायी वसोवास भइ वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न गन्तव्यस्थानमा काम गरी फर्केका व्यक्तिहरुका लागि रोजगारमूलक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकाले सम्वन्धित व्यक्तिहरुले यसै साथ संलग्न फारम भरी आ-आफू वसोवास गरेको वडा कार्यालयमा मिति २०७९ अषाढ २१ गतेसम्म पेश गर्न हुन अनुरोध गरिन्छ ।

(ललित विक्रम सिंह)
उपसचिव

१. यस नगरपालिका स्थित सम्पूर्ण वडा कार्यालयहरु । ( वडा कार्यालयमा पेस हुन आउने फारम संकलन गरी एकमुष्ठ रुपमा यस नगरपालिकामा मिति २०७९ अषाढ २२ गते भित्र पेस गरि दिन हुन )

## दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना (इन्स्योर दोश्रो) चरण दोस्रो

### वैदेशिक रोजगारीबाट फर्किएर आएका बेरोजगार युवाको तथ्याङ्क र सीप तालिम सम्बन्धी तथ्याङ्क सङ्कलन र अद्यावधिक कार्यक्रमको अवधारणा र खर्च विवरण

**१। पृष्ठभूमी**

दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना चरण दोश्रो (Enhanced Skills for Sustainable and Rewarding Employment Phase II) परियोजना नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार वि.सं.२०७८ भाद्र २५ देखि वि.सं. २०८२ असार ३१ गते (१० सेप्टेम्बर २०२१ देखि १५ जुलाई २०२५) सम्म संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालनमा रहेको छ । संघीय सरकार अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सी.टी.ई.भी.टी.), प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय र ३३ वटा स्थानीय सरकारहरु यस परियोजनाको कार्यान्वयन इकाईका रुपमा संलग्न रहेका छन् ।

यसै सन्दर्भमा बागमती प्रदेश अन्तर्गतका १० वटा स्थानीय सरकारहरुले परियोजनाको दस्ताबेज् (Project Document) अनुसार वैदेशिक रोजगारीबाट फर्किएर आएका बेरोजगार युवाको तथ्याङ्क र उनीहरुको लागि उपयुक्त सीप तालिम सम्बन्धी अद्यावधिक कार्य गर्नको लागि यो अवधारणा तयार गरिएको छ ।

**२। उद्देश्य:**

यस अवधारणाको मुख्य उद्देश्य यस प्रकार रहेको छ ।

- वैदेशिक रोजगारीबाट फर्किएर आएका बेरोजगार युवाहरुको व्यावसायिक सीपमा आधारित एवं व्यवसाय विकास तालिममा पहूँच सुनिश्चितता गर्नका लागि ।

**३। अपेक्षित प्रतिफल:**

वैदेशिक रोजगारीबाट फर्किएर आएका बेरोजगार युवाहरुको तथ्याङ्क उपलब्ध हुने र उनीहरुलाई उपयुक्त हुने व्यावसायिक तालिमहरुको सूची तयार भएको हुनेछ ।

**४। कार्यान्वयन पद्धति :**

(क) **सम्बन्धित निकाय/व्यक्ति** : स्थानीय तहमा रहेको रोजगार सूचना केन्द्र वा स्थानीय तहले छनौट गरेको/तोकेको निकाय/व्यक्ति मार्फत आवश्यक तथ्याङ्क सङ्कलन गरिने छ । यसको साथै सुरक्षित आप्रवासन कार्यक्रम लागु भएको स्थानीय तहमा आप्रवासन श्रोत केन्द्र (Migrant Resource Center) संग समेत समन्वय गरी वैदेशिक रोजगारीबाट फर्किएर आएका बेरोजगार युवाको तथ्याङ्क र उनीहरुले सिक्न चाहेको विषयहरु सङ्कलन गर्न सकिने छ । तथ्याङ्क सङ्कलन कार्यका लागि आवश्यक पर्ने अन्य जनशक्ति सम्बन्धित निकायले व्यवस्थापन गर्नेछ ।

(ख) **सूचना तथा तथ्याङ्क सङ्कलन विधि:** आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्नका लागि अनुसूची १ बमोजिमको प्रश्नावली प्रयोग गरी सम्बन्धित उत्तरदातासंग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिनेछ । साथै आवश्यकता अनुसार अवलोकन र समूह छलफलको माध्यमद्वारा पनि सूचना तथा तथ्याङ्क सङ्कलन गर्नसकिने छ । सूचना तथा तथ्याङ्क सङ्कलन कार्यलाई चुस्त, दुरुस्त र छिटो बनाउनका लागि Kobo Tool लाई पनि प्रयोग गर्नसकिने छ ।

(ग) **प्रश्नावलीको प्रकार :** सूचना तथा तथ्याङ्क सङ्कलनको लागि बन्द र खुल्ला दुवै प्रश्नावलीको प्रयोग गरिनेछ ।

(घ) **सूचना तथा तथ्याङ्कको भण्डारण प्रक्रिया र त्यसको विश्लेषण :** सङ्कलन गरिएका सूचना तथा तथ्याङ्कहरु सम्बन्धित स्थानीय तहले तोकिएको व्यक्तिद्वारा तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्नुपर्ने छ र सो सूचना तथा तथ्याङ्कहरु आवधिकरुपमा अद्यावधिक गरी आवश्यकता अनुसार उक्त सूचना तथा तथ्याङ्कहरुको प्रयोग गरिनेछ ।

**५। खर्च लागत :**

यस क्रियाकलापको लागत खर्च तपसिल वमोजिमको हुनेछ ।

| विवरण | एकाई | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| प्रश्नावली छपाई वा Kobo Tool | | | | |
| गणकहरुको छनौट तथा अभिमुखिकरण | | | | |
| कार्यक्रम संयोजकको सेवा सुविधा | | | | |
| गणकहरुको सेवा सुविधा | | | | |
| सूचना तथा तथ्याङ्क भण्डारण कार्य | | | | |
| विविध खर्च............... | | | | |
| **जम्मा लागत खर्च** | | | | |

ललित विक्रम सिंह
उपसचिव

नुसूची :१

**दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना इन्स्योर दोश्रो**
**वैदेशिक रोजगारीबाट फर्किएर आएका युवाको तथ्याङ्क सङ्कलन र**
**सीप तालिम सम्बन्धी तथ्याङ्क सङ्कलन फारामको नमूना**

१। **उत्तरदाताको व्यक्तिगत विवरण:**

नाम/थर................................................ ठेगाना :.................................वार्ड नं.......टोल वस्ती..................

शिक्षा:........... सम्पर्क नं............................ लिङ्ग: ☐ महिला ☐ पुरुष उमेर......वर्ष जातजाति................

वैवाहिक अवस्था : ☐ विवाहित ☐ अविवाहित परिवार संख्या: जम्मा:.........(महिला......पूरुष....अन्य.......)

९क० सीप सिकेर विदेश जानु भएको; ☐ हो ☐ होइन

९ख० सीप सिकेको भए विवरणः तालिमको विषयः ...............................तहः ..........अवधिः........................

९ग० विदेशमा सम्बन्धित सीपमा नै काम गर्नु; ☐ भयो ☐ भएन

९घ० तपाईले विदेशमा कुनै तालिम लिनु भएको थियो ? थियो भने;

तालिम लिएको देशको नाम.............................. तालिमको नाम.................................. तालिम अवधि:..............

तपाई कुन-कुन देश जानु भएको थियो ?

९क० देशको नाम :...................................... काम गरेको वर्ष:............... कामको प्रकार:......................................

९ख० देशको नाम :...................................... काम गरेको वर्ष:............... कामको प्रकार:......................................

९ग० देशको नाम :...................................... काम गरेको वर्ष:............... कामको प्रकार:......................................

पछिल्लो पटक विदेशबाट फर्केको देशको नाम: ... मिति ... [illegible] ☐ हो ☐ होइन

९क० के तपाई फेरी विदेश जाने सोचमा हुनुहुन्छ ? ☐ छ ☐ छैन

९ख० यदि छैन भने, अब तपाई के गर्नुहुन्छ ?

☐ खेति गर्छु; खेतीको प्रकार: तरकारी खेति/कुखुरा पालन/बाख्रा पालन/बंगुर पालन/माछा पालन/फलफुल/अन्य:.........

☐ विदेशमा सिकेको सीप अनुसार व्यवसाय गर्छु; व्यवसायको नाम:..................................

☐ सीप सिकेर काम गर्छु; सीप सिक्न चाहेको विषय:.................... सीप कसरी सिक्नुहुन्छ ? ☐ नि:शुल्क ☐ सशुल्क

यो सीप किन सिक्न चाहनु हुन्छ ?

☐ परम्परागत काम भएकोले ☐ वस्तु/सेवाको बजारमा माग भएकोले

☐ आवश्यक पूर्वाधार भएर ☐ अन्य:....................

☐ रोजगारीको अवसर भएर

माथि उल्लेखित गरिएको व्यवसाय/काम गर्दा आवश्यक पर्ने लगानी कसरी जुटाउनु हुन्छ ?

आफ्नै लगानी ......% बैंकबाट ऋण:.........% सहकारीबाट:..........%

**ललित विक्रम सिंह**
**उपसचिव**